आज मिति २०८०।०८।०६ गते बुधबारका दिन दिनको १:०० बजे अन्नपूर्ण गाउँपालिका म्याग्दीको गाउँ कार्यपालिकाको आ.व. २०८०/८१ को सातौं बैठक तपसिलको उपस्थितिमा गाँउपालिका अध्यक्ष श्री भारत कुमार पुनको अध्यक्षतामा सम्पन्न भयो ।

तपसिल :

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| भारत कुमार पुन | अध्यक्ष | |
| दिवा कुमारी तिलिजा पुन | उपाध्यक्ष | |
| दिलिप कुमार गर्बुजा | सदस्य ( वडा नं. १ अध्यक्ष) | |
| ओम प्रसाद फगामी | सदस्य( वडा नं. २ अध्यक्ष) | |
| रमेश पुर्जा | सदस्य( वडा नं. ३ अध्यक्ष) | |
| लोक बहादुर फगामी | सदस्य( वडा नं. ४ अध्यक्ष) | |
| राजेश तिलिजा पुन | सदस्य( वडा नं. ५ अध्यक्ष) | |
| राम बहादुर खड्का | सदस्य( वडा नं. ६ अध्यक्ष) | |
| मइलन पुर्जा पुन | सदस्य( वडा नं. ७ अध्यक्ष) | |
| खम बहादुर गर्बुजा पुन | सदस्य( वडा नं. ८ अध्यक्ष) | |
| देव कुमारी पुन | सदस्य | |
| गेम माया पुन | सदस्य | |
| आशा गुरुङ्ग | सदस्य | |
| विष्णु कुमारी गर्बुजा | सदस्य | |
| विर बहादुर पौडेल | सदस्य | |
| मिठ्ठु वि.क | सदस्य | |
| अमृत सुवेदी | सदस्य-सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |
| श्याम पुर्जा | आमन्त्रीत सदस्य (वडा नं. ४ का.वा. अध्यक्ष) | |

अन्य उपस्थिति :

१) रमेश थापा, सूचना प्रविधि अधिकृत

२) प्रेम पराजुली, वरिष्ठ लेखा सहायक

अन्नपूर्ण गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

अन्नपूर्ण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पोखरेबगर म्याग्दी

गण्डकी प्रदेश, नेपाल ।

कार्यपालिका बैठक मिति : २०८०।०८।०६ गते

समय : दिनको १:०० बजे

कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्वीकृत मिति : २०८०।०८।०४ गते

**मिति २०८०।०८।०६ गतेको कार्यपालिका बैठकका प्रस्तावहरु**

१. पूर्व निर्णयको समीक्षा सम्बन्धमा

२. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सुझाव कार्यन्वयनको सम्बन्धमा,

३. राष्ट्रपति रनिङ शिल्ड सञ्चालन सम्बन्धमा,

४. रातोपानी कुण्डको आयठेक्का व्यवस्थापन सम्बन्धमा,

५. सशत्र प्रहरी बल नेपाल आश्रित गुल्म म्याग्दीबाट माग भई आएको सहयोग सम्बन्धमा ।

६. महिला हिंसा(लैगिङ हिंसा) विरुद्धको १६ दिने अभियान सम्बन्धमा,

७. घुम्ती शिविर सञ्चालन सम्बन्धमा,

८. नविकरणीय उर्जा सम्बन्धमा,

९. विविध ।

अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं १ :

प्रस्ताव. नं १ उपर छलफल गर्दा तपसिलको निर्णय गर्ने ।

क) कार्यपालिकाको पूर्व निर्णयहरुको समीक्षा गर्दा अधिकांश निर्णयहरु कार्यन्वयन भएको पाइयो।

ख) सार्वजनिक सुनुवाईमा उठेका विषयहरुमा समीक्षा गर्दा प्रशासकीय भवनको जग्गा व्यवस्थापन, कृषि र पशु क्षेत्रका कार्यक्रमको कार्यन्वयनमा शिघ्रता लगायतका विषयमा ध्यान आकर्षण भएको छ ।

ग) गाउँपालिकाको आर्थिक ऐन, २०८० ले निर्धारण गरेको स्थानीय सडक उपयोग सेवा शुल्क उठाउने विषयमा सहजिकरणको निम्ति जि.स.स. प्रमुख, प्रमुख जिल्ला अधिकारी, उद्योग वाणिज्य संघ म्याग्दी, उद्योग वाणिज्य ईकाई अन्नपूर्ण गाउपालिका संग समन्वय बैठक आयोजना गर्ने । साथै बेनी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थालाई समेत आमन्त्रण गरी खानेपानी व्यवस्थापनको सम्बन्धमा छलफल गर्ने ।

निर्णय नं २:

प्रस्ताव नं २ उपर छलफल गर्दा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८० कार्तिक २२ गतेको प.स. २०८०।८१, च.नं २७४ को पत्रानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०८०।०७।१३ को निर्णय अनुसार स्थानीय तहलाई विभिन्न २२ बुदे सुझाव प्राप्त भएकाले उक्त सुझावहरु कार्यन्वयन गर्ने ।

निर्णय नं ३ :

प्रस्ताव नं ३ उपर छलफल गर्दा राष्ट्रपति रनिङ शिल्ड सञ्चालन गर्ने सम्बन्धमा अन्नपूर्ण गाउँपालिका भित्रको विद्यालयहरुको प्र.अ. बैठक बोलाई सञ्चालन गर्ने स्थान तथा मिति तय गर्ने ।

निर्णय नं ४:

प्रस्ताव नं ४ उपर छलफल गर्दा रातोपानी कुण्डलाई आय ठेक्का बन्दोवस्त गर्न ३ पटकसम्म सूचना आह्वान गर्दा समेत कुनै बोलपत्र पेश हुन नआएकाले राजश्व परामर्श समितिको मिति २०८०।०८।०४ गतेको सिफारिस अनुसार रु १,००,०००।— ( एक लाख रुपैया) न्यूनतम रकम तोकी आय ठेक्काको ७ दिने सूचना प्रकाशन गर्ने ।

निर्णय नं ५:

प्रस्ताव नं ५ उपर छलफल गर्दा सशस्त्र प्रहरी बल नेपाल आश्रित गुल्म म्याग्दीबाट मिति २०८०।०६।२६ गतेको प.स. २०८०।०८१, चलानी नं ११६को पत्रानुसार बेनी जोमसोम सडकखण्डको शान्ति सुरक्षा र विपद बाट हुन सक्ने क्षति न्यूनिकरण गर्न तथा बिपद्को अवस्थामा

...सुवेदी

अन्नपूर्ण गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय

समयमा नै परिचालन भई उद्धार गर्न सहजताको लागि सो टोलीलाई बस्ने व्यवस्था मिलाईदिन आवश्यक सहयोग गरिदिने गाउँपालिकामा अनुरोध भई आएकोमा हाललाई यस गाउँपालिकाको वडा नं ४ नारच्याङमा अवस्थित कोभिड अस्पताल सञ्चालन भएको संरचना प्रयोग गर्न दिने ।

निर्णय नं ६ :

प्रस्ताव नं ६ उपर छलफल गर्दा लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानमा ( नोभेम्वर २५ देखी डिसेम्वर १० सम्म) वडा नं ३ दाना र वडा नं ६ घारमा बालविवाह रोकथाम सम्बन्धमा अभिमुखीकरण र गोष्ठी गर्ने, सबै वडामा ७५ बर्ष पुगेका जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुलाई न्यानो कपडा वितरण गर्ने तथा गाउँपालिकाको कार्यालयमा लैङ्गिक हिंसा सम्बन्धी बहस पैरवी आयोजना गर्ने, साथै वडास्तरमा समेत कार्यक्रमहरु सञ्चालन गर्ने ।

निर्णय नं. ७ :

प्रस्ताव नं ७ उपर छलफल गर्दा घुम्ती शिविर सञ्चालन गरी उपभोक्ता समिति अभिमुखीकरण, योजना सम्झौता, अपाङ्गता परिचय पत्र वितरण सम्बन्धी कार्य गर्ने ।

निर्णय नं. ८ :

प्रस्ताव नं. ८ मा सङ्घीय सरकारको सशर्त अनुदान अन्तर्गर रहेको नविकरणीय उर्जा कार्यक्रम सम्बन्धमा छलफल गर्दा यस आ.व.मा सुधारिएको चुल्हो र सोलार वितरण गर्ने । सो को माग वडा कार्यालयले संकलन गर्ने र गाउँपालिका कार्यालयमा पठाउने ।

निर्णय नं ९ :

विविध प्रस्ताव उपर छलपल गर्दा :

क) विकास निर्माणको कार्यहरुको गुणस्तरको लागि सबै प्राविधिकहरुलाई फिल्डमा खटाउने ।

ख) वडा नं ६ को कार्यालयबाट सिफारिस भई आएका मन कुमारी वि.क. रोगबाट ग्रसित भएको र उपचार गर्ने खर्च अभाव भएकाले रु २०,०००/- ( अक्षेरुपी रु बिस हजार ) आर्थिक सहायता प्रदान गर्ने ।

अन्नपूर्ण गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत